# स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

## जावलाखेल, ललितपुर

पत्र संख्या :-
च. नं.:- ३९

मिति : २०८१।०४।१३

### सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन फाराम भर्नेसम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति: २०८१।०४।१३

यस प्रतिष्ठानले चालु आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैटौं, सातौं र आठौं तह तथा संघमा कार्यरत निजामती सेवाका रा.प.अनं. प्रथम/द्वितीय श्रेणीका कर्मचारी र प्रदेश तथा स्थानीय तहका चौथो/पाँचौं तहका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले "**३० कार्य दिनको सेवाकालीन प्रशिक्षण**" कार्यक्रम सञ्चालन गर्न गइरहेको हुँदा इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति/बढुवा भएको पत्र वा स्तर बृद्धि भई समायोजन भएको भए अन्तिम समायोजन मिति खुल्ने पत्रको छायाँप्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** को **https://ldta.gov.np/onlineapplication** अनलाइन मनोनयन फाराममा **submit** गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | प्रशिक्षणको नाम | लक्षित समूह | अनलाइन फाराम भर्ने अन्तिम मिति |
|---|---|---|---|
| १ | नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत सातौं र आठौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| २ | विकास व्यवस्थापन तथा व्यावसायिकता प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत छैटौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| ३ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | संघमा कार्यरत रा.प.अनं प्रथम र द्वितीय श्रेणी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो र पाँचौं तहका कर्मचारीहरु | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |

**पुनश्च:**

१. मनोनयन फाराम भर्ने अन्तिम दिनसम्म कम्तिमा ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. प्रशिक्षार्थीको विस्तृत विवरण (प्रशिक्षार्थीको नाम, बहाल रहेको पद/श्रेणी/तह, बढुवा/समायोजन/नियुक्ति मिति) खुलेको कार्यालय प्रमुखको सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ।
३. छनौटमा परेका कर्मचारीहरूको अन्तिम नामावली र प्रशिक्षण सञ्चालन हुने मिति र समय मनोनयन फाराम भर्ने म्याद समाप्त भएको मितिले ५ दिनभित्र प्रकाशन गरिनेछ।
४. जेष्ठताको आधारमा सहभागी छनौट गरी प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा प्रकाशन गरिनेछ।
५. मनोनयन फाराम **submit** गरी पठाउँदा प्राप्त हुने **Confirmation Number** सुरक्षित राख्नु पर्नेछ। **Confirmation Number** फर्म भर्दा राख्नु भएको आधिकारिक ईमेलमा प्राप्त हुनेछ।
६. मनोनयन फाराम स्वीकृत भई छनौट भएका कर्मचारीहरुको लागि सेवाकालीन प्रशिक्षण प्रतिष्ठानको कार्यालय, जावलाखेल, ललितपुरमा सञ्चालन गरिनेछ।
७. प्रशिक्षण कार्यक्रममा छनौट भएका कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता, यातायात र आवास खर्च आ–आफ्नो कार्यालयबाट व्यवस्था गर्नु पर्नेछ।

औरही नगरपालिका
दर्ता नं ३२०
दर्ता मिति २०८१।४।१८

कानुन लाल चौधरी
कार्यकारी निर्देशक

प्राविधिक सहयोगका लागि सम्पर्क: श्री बुद्धि प्रसाद घिमिरे : ९८५६०२९६११, श्री सन्त लाल श्रेष्ठ : ९८५१२५३०२५

जावलाखेल,ललितपुर,नेपाल
पोष्ट बक्स नं ११९८० Post box no.11980
Jawalakhel,Lalitpur,NEPAL
+९७७ ०१ ५४२१०२१, ५४२२००४
+ 977 (1) 5421021, 5422004
फ्याक्स ++९७७ ०१ ५४२१५५२१
Fax +977 (1) 5421521
ldta.org.np@gmail.com
Web: www.ldta.gov.np